# श्री ललितपुर जिल्ला अदालतको सूचना

कोरोना सङ्क्रमण ( कोभिड-१९) को वर्तमान समयमा अदालतवाट प्रवाह गरिने सेवा सम्वन्धमा छलफल गर्दा नोवेल कोरना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट विश्वव्यापीरूपमा फैलिरहेको र नेपालमा पनि त्यसको सङ्क्रमण तीव्र गतिमा वढिरहेको तथा सङ्क्रमणवाट अदालतका कर्मचारी, कानुन व्यावसायी तथा सेवाग्राहीहरूसमेत सङ्क्रमण भइरहेको सन्दर्भमा मिति २०७८।१०।७ र मिति २०७८।१०।१८ गतेको यस अदालतको पूर्ण बैठकवाट अदालतवाट सम्पादन हुने काम कारवाही तथा प्रवाह हुने सेवामा समेत सङ्कुचन गरिएकोमा सङ्क्रमण दर घट्दै गईरहेको तथ्याङ्कवाट देखिएको सन्दर्भमा मिति २०७८।१०।२३ गतेदेखि लागू हुने गरी देहायवमोजिमका सेवा थप विस्तार गर्ने निर्णय भएको बेहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध गरिन्छः-

क. रोक्का जग्गा फुकुवा गरिपाऊँ भनी परेका निवेदनहरू,

ख. मुद्दा फाँट तथा तहसिल शाखावाट आदेशानुसार गर्नुपर्ने नक्सा तथा मुचुल्का,

ग. अभिलेख शाखा र तहसिल शाखामा पेस हुने निवेदनहरू,

घ. फैसलाको सामान्य त्रुटी संशोधन गरिपाऊँ भन्ने निवेदन,

ङ. १८ महिना नाघेका पुराना मुद्दाहरू,

च. यस सम्वन्धी अरू व्यवस्थापकीय पक्षहरू अदालत प्रशासनले मिलाउने ।

छ. विद्यमान परिस्थितिको मूल्याङ्कन गरी उल्लिखित विषयमा थप निर्णय लिनका लागि आवश्यकतानुसार पूर्ण बैठक बस्ने निर्णय गरियो।

विष्णुप्रसाद पाण्डेय
स्रेस्तेदार